# पञ्चदेवल विनायक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## विनायक, अछाम
## ७ नं. प्रदेश, नेपाल

सुचना प्रकाशित मिति : २०७५/०६/०७

## स्वयमसेवक आवश्यकता सम्बन्धी सूचना

यस पञ्चदेवल विनायक नगरपालिकालाई पुर्ण पोषणयुक्त तथा सरसफाई उन्मुख बनाउने लक्ष्यका साथ नगरपालिका अगाडि बढिरहेको छ र सो लक्ष्य पुरा गर्न विभिन्न क्रियाकलापहरु समेत संचालन गर्दै आएको छ । यसै सन्दर्भमा १००० दिनका आमा तथा तिनका बालबालिकाको पोषण स्थितिमा सुधार गर्ने लक्ष्यका साथ यस अछाम जिल्लामा संचालनमा रहेको बहुक्षेत्रीय पद्धतीमा अधारित सुआहारा-२ (एकिकृत पोषण कार्यक्रम) कार्यक्रम सँगको सहकार्यमा यस नगरपालिका अन्तर्गत खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि गतिविधिहरु सघन रुपमा संचालन गर्नको लागि निम्नानुसार स्वयमसेवकहरु आवश्यकता भएकोले योग्य उम्मेदवारहरुले तल उल्लेखित बमोजिम प्रक्रिया पुरा गरि आफ्नो दरखास्त पेश गर्नको लागि यो सूचना प्रकाशित गरिन्छ ।

| पद | समुदाय खानेपानी, सरसफाई तथा स्वच्छता सहजकर्ता (Community WASH Facilitator) |
|---|---|
| प्रकार | Paid Volunteer |
| आवश्यक कर्मचारी | • प्रत्येक वडामा १ जना कर्मचारीको दरले जम्मा ७ जना |
| न्युनतम् योग्यता/दक्षता | • एस.एल.सि./एस.इ.इ. उतीर्ण भएको ।<br>• नगरपालिकाको सम्बन्धित वडामा स्थायी बसोबास भएको ।<br>• उमेर २० बर्ष पुरा भई ४० बर्ष ननाघेको ।<br>• स्वयम सेवी भावले काम गर्न इच्चुक भएको ।<br>• सम्बन्धित वडाको स्थानीय बासिन्दा हुनु पर्ने (१,२,४,५,६,७,८) |
| प्राथमिकता | • समावेशिकरणलाई प्रवर्द्धन गर्दै महिला पछाडी पारिएका वर्गका व्यक्तिहरुलाई प्राथमिकता दिईने ।<br>• प्रवीणता प्रमाणपत्र तह उतीर्ण गरेको ।<br>• समुदाय परिचालन सम्बन्धी ज्ञान, सिप र अनुभव भएको ।<br>• खानेपानी, सरसफाई र स्वच्छता क्षेत्रमा कार्य अनुभव तथा ज्ञान भएका ।<br>• राम्रोसँग, संचार, समन्वय र समुदायमा प्रभाव पार्न सक्ने क्षमता भएको ।<br>• समुदायमा सहजैरुपमा परिचालित हुन सक्ने र मिलनसार उर्जाशिल व्यक्तित्व भएको । |
| प्रमुख जिम्मेवारी | • खानेपानी, सरसफाई, र स्वच्छता सम्बन्धी बानी व्यवहार परिर्वतनका लागी समुदाय घरधुरी तथा विद्यालय स्तरमा ट्रिगरिङ्ग अभिमुखिकरण तालिम एवं प्रवर्धनात्मक क्रियाकलाप संचालन गर्ने ।<br>• स्वस्थ घर, समुदाय र पूर्ण सरसफाई उन्मुख क्षेत्र घोषणा गर्न समुदाय परिचालन गरी अभियान संचालन गर्ने ।<br>• स्वस्थ आमा समूह र अन्य स्थानीय समूहको बैठक तथा भेलामा सहभागी भै खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी बानी, व्यवहार विशेषत: पानी, शुद्धिकरण र साबुनपानीले हात धुने बानी व्यवहार प्रवर्धन गर्ने ।<br>• स्थानीय तहको खानेपानी, सरसफाई र स्वच्छता समन्वय समिति, स्थानीय निकाय, फिल्ड सुपरभाईजर सामुदायिक पोषण सहजकर्ता र अन्य सरोकारवालाहरुसंग आवश्यक समन्वय गर्ने ।<br>• स्वस्थ घर सम्बन्धी खानेपानी, सरसफाई र स्वच्छता तथा पूर्ण सरसफाईका सूचकहरुको नियमित घरधुरीस्तरमा अनुगमन गर्ने र आवश्यक परामर्श दिने ।<br>• वडा भित्रका सबै घरधरी तथा हजार दिनका आमाहरुको घरलाई विशेष प्राथमिकता दिई स्वस्थ घर सम्बन्धी कार्यक्रम संचालन गर्ने ।<br>• कार्यरत वडालाई १ वर्षभित्र स्वस्थ घर समुदाय/पूर्ण सरसफाई उन्मुख वडा घोषणा गर्ने लक्ष्य लिई कार्यक्रम संचालन गर्ने । |

**दरखास्त बुझाउने प्रक्रिया**

माथि उल्लेखित योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुले यही मिति २०७५ साल अशोज ७ गते देखि (७ दिन भित्रको म्याद) भित्र निम्नलिखित कागजपत्र सहित आफ्नो निवेदन दिनहुन अनुरोध गरिन्छ ।

- स्वयमसेवक भई काम गर्ने इच्छासहितको निवेदन
- नागरिकताको प्रतिलिपी
- शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी
- कार्य अनुभव तथा तालिम लिईएका प्रमाणपत्रहरुको प्रतिलिपी

**परिक्षाको किसिम :** छोटो सूची र अन्तरवार्ता

**सम्पर्क मिति :** २०७५ अशोज १४ गते

**निवेदन बुझाउने स्थान :** पञ्चदेवल विनायक नगर कार्यपालिकाको कार्यालय, विनायक अछाम ।

(रमेश गौतम)
प्रमुख प्रशासकीय अधिकृत

रमेश गौतम
प्रमुख प्रशासकिय अधिकृत